श्री उच्च अदालत पाटनमा चढाएको

## निवेदन-पत्र

विषयः- **सारसंक्षेप पेश गरेको सम्वन्धमा।**

धनुषा जिल्ला नगराईन नगरपालिका वडा नं.२ मा घर भई हाल ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वडा नं. १ मा बस्ने स्व. मकसुदन चौधरीको नाती नेवल चौधरीको छोरा त्रि.वि कानून संकाय, नेपाल ल क्याम्पसमा, स्नातक तह (बि.ए.एल एल.बी.) को पाँचौं सेमेस्टर मा अध्ययनरत कानूनको विद्यार्थी वर्ष २१ को **विवेक चौधरी**(मो.नं.९८५१३५८९२१)..................१ } निवेदक

**विरूद्ध**

नेपाल प्रहरी प्रधान कार्यालय नक्साल, काठमाण्डौ (सम्पर्क फोन नम्बर ०१-५७१९९००, इमेल info@nepalpolice.gov.np) समेत ..................................................................................१ } विपक्षी

मुद्दाः- **परमादेश**

म निवेदक उच्च अदालत नियमवाली २०७३ को नियम ४५ बमोजिम निम्न लिखित व्यहोराको सारसंक्षेप पेश गरेका छु ।

१. **निवेदनको संक्षिप्त व्यहोराः**- म निवेदक विवेक चौधरी नेपाल ल क्याम्पस, पाँचौं सेमेस्टर (5th Semester) मा अध्ययनरत कानूनको विद्यार्थी हुँ । म निवेदक समृद्ध समाजको कल्पना बोक्दै कानुनी राज्यको स्थापना र सार्वभौमसत्ता एवं राजकीय सत्ता सम्पन्न आमनागरिकको हक अधिकारको कार्यान्वयन साथै सबै व्यक्तिको आवाज राज्यसम्म लानका लागि खटिदै कानूनको विद्यार्थी समेत भएकोले न्यायको अनुसन्धानमा समेत संलग्न कर्तब्य परायण नेपाली नागरिक हुँ । यस विषयसँग मेरो **अर्थपूर्ण सम्बन्ध** र **तात्विक सरोकार** रहेको कारण, वैकल्पिक उपचार नहुँदा म निवेदकलाई **हकदैय (Locus Standi)** प्राप्त छ। यस मुद्दा नागरिकको हक र हितसँग सम्बन्धित भएकाले साथै कानुनविपरीत हुने कार्यमा तत्काल रोक लगाउनु आवश्यक भएकाले यो रिट निवेदन दर्ता गरिएको हो।

लेखक

यो सारसंक्षेप निवेदन पत्र म निवेदक विवेक चौधरीले आफै लेखी कम्प्युटर टाइप गरेको हो। म कानुन बमोजिम अयोग्य छैन भनि

२. **संवैधानिक तथा कानूनी प्रश्न:-** सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६४ मा यातायात निरीक्षक वा प्रहरीले तत्काल सजाय गर्न सक्ने प्रावधान रहेको छ र दफा १६० मा दण्ड सजायको प्रावधान रहेको छ र दफा १३१ मा प्रहरी वा यातायात निरीक्षकलाई जाँचबुझ गर्ने अधिकार छ , तर सवारी चालकको सबारीको चाबी खोस्ने अधिकारको प्रावधान छैन । बिना उचित कानूनी आधार मनमानी रूपमा सबारी चालकको चाबी खोस्ने, जबरजस्ती निकाल्ने जस्तो कार्य गरिनुले गरिमा (Dignity) र अनावश्यक राज्य हस्तक्षेपले स्वतन्त्र जीवन (Freedom Life) बाँच्ने अधिकारमा हानि पुऱ्याउने अवस्थाको सृजना गर्छ। अर्थात् यो कार्य स्वतः रूपमा नेपालको संविधानको धारा १६ को विपरीत हुन्छ, जसले सम्मानपूर्वक बाँच्न पाउने हकको हनन हुने अवस्थाको सृजना गर्छ। यस्तो कार्यले नेपालको संविधानको धारा १७ मा प्रत्याभूत गरिएको स्वतन्त्रताको हकको समेत उल्लंघन हुन जान्छ।

३. **माग गरिएको उपचार:-** कानूनी राज्यमा कानूनभन्दा माथि कुनै पनि व्यक्ति वा निकाय रहन सक्दैन र कानून पालना गर्नु पर्ने भनि निर्धारण गरेका प्रवाधानहरुलाई सबैले पालना गर्नु नै पर्छ। उल्लिखित तथ्य, कानून, र न्यायका मान्य सिद्धान्तहरूको आधारमा, नेपालको संविधान र प्रचलित कानून अन्तर्गत ट्राफिक प्रहरीले बिना कानूनी आधार गैर कानुनी रुपमा सबारी चालकको चाबी खोस्ने जस्तो गैरकानुनी कार्य गदै आएको र भविष्यमा समेत त्यस्तो कार्य गर्ने प्रवल सम्भावना रहेको हुदा , प्रहरीले प्राप्त गरेको कानून बमोजिमको अधिकार भन्दा बढी अधिकार प्रयोग गरेको र आफ्नो अधिकार क्षेत्र नाघी (Exceeding one's authority jurisdiction) हुदै नभएको अधिकार प्रयोग गरेको हुँदा कुनै पनि सबारी चालकको सवारीको चाबी ट्राफिक प्रहरी वा प्रहरी वा प्रहरी कर्मचारीले खोस्ने, अनाधिकृत रुपमा गाडी नियन्त्रणमा राख्ने वा जबरजस्ती रुपमा निकाल्ने गर्ने कार्य नगर्नु र नगराउनु भनि विपक्षीहरुको नाउँमा परमादेशको आदेश जारी गरि पाउँ ।

४. यो सारसंक्षेप निवेदनमा लेखिएको व्यहोरा ठिक साँचो छ, झुट्टा व्यहोरा लेखिएको ठहरे कानून बमोजिम सहौँला, बुझाउला ।

<u>सारसंक्षेप प्रस्तुतकर्ता</u>

विवेक चौधरी ...............१

इति संवत २०८१ साल कार्तिक महिना २० गते रोज ३ मा शुभम् ...............................................१